**बैदेशिक रोजगारमा रहेका श्रमिकहरूलाई कोषको दायरामा ल्याउने सम्बन्धमा सामाजिक सुरक्षा कोष र गैरआवासीय नेपाली संघ बीच भएको**

# समझदारीपत्र

बैदेशिक रोजगारमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमार्फत सामाजिक सुरक्षाको दायरामा ल्याउने सम्बन्धमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम स्थापित सामाजिक सुरक्षा कोष (यसपछि "कोष" भनिएको) र नेपाल सरकारमा विधिवत दर्ता रहेको गैरआवासीय नेपाली संघ (यसपछि "संघ" भनिएको) बीच देहायको शर्त तथा अवस्थाहरू दुबै पक्षले पालना गर्ने गरी आज २०७९ साल श्रावण ५ गतेका दिन यो समझदारीपत्रमा सहिछाप गरी एक/एक प्रति लियौं/दियौं ।

क) **पृष्ठभूमि :**

नेपालबाट बैदेशिक रोजगारमा जाने नेपलालीको संख्या दिनहुँ बढ्दै गईरहेको छ । करिब वयालिस लाख नेपलीहरु खाडी मुलुक, मलेशिया, कोरिया र जापान लगायत विश्वभर कार्यरत रहनु भएको छ भने बर्षेनी करिब चार लाख संख्याको हाराहारीमा देशका युवा जनशक्ति बैदेशिक रोजगारीमा जाने गरेको तथ्य बैदेशिक रोजागर बिभागको तथ्याङ्ले देखाएको छ । भूमण्डलीकरणको उच्चतम अभ्यासमा रहेको आजको विश्वमा सेवा र सुविधामा राष्ट्रियताको आधारमा विना भेदभाव श्रमको परिचालन गर्नुपर्ने विश्व श्रम संगठनको अभिसन्धिको व्यवस्था अनुसार श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गराउन सकिने विश्वास लिइएको छ ।

ख) **उद्देश्य :**

आर्थिक वर्ष २०७९/८० को बजेटको बुँदा नं. १३६ र १९० को व्यवस्था अनुसार वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने, श्रमिक गन्तब्य देशसँग पारस्परिक सम्झौता सम्बन्धमा नीतिगत आधार तयार गर्न सहयोग गर्ने र त्यस्तो दायरामा भित्र नपर्ने श्रमिक वा कोषमा आबद्ध हुन चाहने श्रमिकलाई तोकिएको योगदानमार्फत कोषमा आबद्ध गराउन एंव संघको सातौं विश्व सम्मेलनमा घोषणा भए अनुसार हजारे अभियान मार्फत वैदेशिक रोजगारमा रहेका नेपाली श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न कोषसँग सहकार्य मार्फत गरिने अध्ययन अनुसन्धान लगायत अन्य क्रियाकलापमा कोष र संघबिच आपसी सहकार्य गर्नु गराउनु यस समझदारीको उद्देश्य हो ।

ग) **शर्त तथा अवस्थाहरू :**

१. वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा आबद्ध गराउने सम्बन्धमा अध्ययन गर्न गठित कार्यदल, अध्ययन समूह वा समिति उपसमितिमा संघका प्रतिनिधि समेत समावेश गराई संयुक्त रुपमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ ।

२. संघले बैदेशिक रोजगारमा रहेका कामदार कर्मचारीहरूको सामाजिक सुरक्षा सम्बन्धी विषयमा गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरीय गोष्ठी, अन्तर्क्रिया छलफल तथा अन्य कार्यक्रमहरूमा कोषलाई सहभागी गराउनेछ र कोषमार्फत गराउन सकिने विषयको बजारीकरण गर्ने व्यवस्था मिलाउनेछ ।

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal

३. संघले गर्ने बैदेशिक रोजगारमा रहेका श्रमिकहरूको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरूमा कोषले सो सम्बन्धी सूचना तथा जानकारीहरू आवश्यकताअनुसार उपलब्ध गराउनेछ र सो विषयमा प्रस्तुतीकरण समेत गर्नेछ ।

४. बैदेशिक रोजगारमा रहेका श्रमिकहरूको योगदान रकम कोषमा ल्याउने प्रकृया सरलिकृत गर्न संघ र संघ अन्तर्गतका अन्य निकायहरूबाट कोषले आवश्यकता अनुसार सहयोग प्राप्त गर्नेछ ।

५. समझदारीपत्र कार्यान्वयनका लागि कोष र संघबाट आफू अधिनस्थ सम्बन्धित सबै निकायहरूलाई जानकारी गराई कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

६. वैदेशिक रोजगारिमा रही सामाजिक सुरक्षा कोषको दायरामा रहेका श्रमिकहरुको विदेशमा रहँदा वा स्वदेश फिर्ती पछिको जीवनलाई सुरक्षित र व्यवस्थित वनाउने गरी आर्जित सिपलाई उपयोग गर्दै उद्दमशिलता प्रवर्द्धन र थप रोजगारी सृजना गर्दै अर्थतन्त्रमा योगदान पुर्याउने । उनीहरुको जीवन चक्रमा आईपर्ने जोखिम व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गरी योजनाहरु विकास गर्ने ।

७. समझदारीपत्र कार्यान्वयनको सिलसिलामा कुनै पक्षलाई द्विविधा भएमा एक आपसमा छलफल गरी द्विविधा निराकण गरिनेछ ।

| सामाजिक सुरक्षा कोषको तर्फबाट | गैरआवासीय नेपाली संघको तर्फबाट | | |
|---|---|---|---|
| कपिल मणि ज्ञवाली<br>कार्यकारी निर्देशक | कुल आचार्य<br>कार्यकारी अध्यक्ष | रविना थापा<br>अध्यक्ष | डा बद्रि केसि<br>अध्यक्ष |
| कृष्ण अधिकारी<br>निर्देशक | | आरके शर्मा<br>उपाध्यक्ष तथा संयोजक<br>वैदेशिक रोजगार राहत कोष समिति | |

मितिः २०७९ साल श्रावण ०५ विहिवार